अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७९।०३।२८ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला पर्सा, साविक गा.वि.स. भेडिहारीमा रहेको रामजानकी नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले विद्यालयमा प्राप्त विभिन्न शीर्षकको रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा रामजानकी नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका निर्माण समितिका अध्यक्ष कन्हैया साह कानु, प्रधानाध्यापक तथा सदस्य सचिव रामवचन प्रसाद, र सदस्य रामचन्द्र सा कानुले समितिका अध्यक्ष कन्हैया साह कानुलाई नै अस्वभाविक रुपमा रकम पेश्की उपलब्ध गराएको, निर्माण समितिका अध्यक्ष कन्हैया साह कानुले लिएको रु.११,९५,०००।–पेश्कीबाट विद्यालय निर्माणको कुनै कार्य नगरेको तथा पेश्कीबापतको रकम हालसम्म विद्यालयको खातामा दाखिलासमेत नगरी विद्यालय भवन निर्माण गर्ने भनी प्रचलित खरिद ऐन नियम विपरीत सम्झौतासमेत नगरी पेश्की लिई/दिई सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही र वदनियतपूर्ण तरिकाले हिनामिना, हानिनोक्सानी एवं दुरुपयोग गरे गराएको देखिएको हुँदा निजहरुको उल्लेखित कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएकोले निजहरु कन्हैया साह कानु, राम वचन प्रसाद र रामचन्द्र सा कानुलाई सोही ऐनको दफा १७ एवं ३(१) र ३(१)(च) बमोजिमको सजाय हुन तथा निजहरुले हिनामिना र हानिनोक्सानी गरेको रकम रु.११,९५,०००।– सोही ऐनको दफा १७ बमोजिम निजहरुबाटै असुल उपर हुनसमेत मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी